**(मिति २०८२।०७।२७ गतेको १२ औं नगर सभाको दोस्रो बैठकको निर्णय नं. ०३ सँग सम्बन्धित)**

# गुजरा नगरपालिकाको विनियोजन विधेयक, २०८२

**<u>स्वीकृतिः</u>**

गुजरा नगर सभा, मकवानपुर

## गुजरा नगरपालिकाको विनियोजन ऐन, २०८२

**प्रस्तावना:**

गुजरा नगरपालिका, रौतहटको आर्थिक वर्ष २०८२/०८३ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्न अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधान धारा २२९ को उपधारा (२) बमोजिम गुजरा नगरपालिका, रौतहटको सभाबाट अनुमोदन भई यो ऐन जारी भएको छ।

**संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "गुजरा नगरपालिकाको विनियोजन ऐन, २०८२" रहेको छ।

(२) यो ऐन संवत् २०८२ साउन १ गतेबाट प्रारम्भ हुनेछ।

१. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधेयकमा,

क) "ऐन" भन्नाले गुजरा नगरपालिका, रौतहटको विनियोजन ऐन, २०८२ लाई सम्झनु पर्दछ।

ख) "कार्यपालिका" भन्नाले गुजरा नगर कार्यपालिकालाई सम्झनु पर्दछ।

ग) "नगरपालिका" भन्नाले गुजरा नगरपालिकालाई सम्झनु पर्दछ।

घ) "सभा" भन्नाले गुजरा नगर कार्यपालिकाको नगर सभालाई सम्झनु पर्दछ।

ङ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्दछ।

२. **आर्थिक वर्ष २०८२/०८३ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार:** (१) आर्थिक वर्ष २०८२/०८३ को निमित्त कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची (१) मा उल्लिखित चालु खर्च, पूँजीगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ६८,८४,९६,९८७.९० (अक्षररुपि अर्सठ्ठी करोड चौरासी लाख छयानब्बे हजार नौ सय सतासी रुपैयाँ नब्बे पैसा मात्र) मा नवढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. **विनियोजन:** (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिएको रकम आर्थिक वर्ष २०८२/०८३ को निमित्त गुजरा नगरपालिकाको नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा वचत हुने र कुनैमा

गुजरा नगरपालिका नगर कार्यपालिकाको कार्यालय सिमराभवानीपुर, रौतहट मधेश प्रदेश, नेपाल

सत्यलाल प्रसाद चौधरी
नगर प्रमुख

अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट अपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको पच्चीस प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ।

(४) पुँजीगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षक तर्फ सार्न तथा वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन। तर, चालु तथा पुँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक श्रोतबाट अर्को श्रोतमा रकम सार्न सकिनेछ।

(५) उपदफा (२) मा जुनसुकै कुरा लिखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको पच्चीस प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा सभाको स्वीकृति लिनु पर्नेछ।

[illegible]लाल प्रसाद चौधरी
नगर प्रमुख

गुजरा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिमराभवानीपुर, रौतहट
मधेश प्रदेश, नेपाल

अनुसूची-०१

(दफा ३ सँग सम्बन्धित)

सञ्चित कोषबाट विनियोजन हुने रकम

| शीर्षक | २०८२/०८३ | | | |
|---|---|---|---|---|
| | कुल बजेट (रु.) | सङ्घीय सरकार (रु.) | प्रदेश सरकार (रु.) | अन्तरिक श्रोत (रु.) |
| ८०२२०४०५३०० गुजरा नगरपालिका, रौतहट | ६८,८४,९६,९८७.९० | ५०,०४,१८,३६० | २,७९,७३,५९० | १६,०१,०५,०३७.९० |

गुजरा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिमराभवानीपुर, रौतहट
मधेश प्रदेश, नेपाल

सन्तलाल प्रसाद चौधरी
नगर प्रमुख